नेपाल सरकार

# गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, दैलेख

फोन: प्र.जि.अ. ०८९-४२०११२
९८५८०१७७७७
स.प्र.जि.अ. ०८९-४२०१२६
९८५८०४०१२६
फ्याक्स: ०८९-४२०१२६
इमेल :daodailekh@gmail.com
वेवसाइट :daodailekh.moha.gov.np

मिति:२०७७/१/३

## मिति २०७६/१२/१० मा जारी आदेशको निरन्तरता सम्बन्धी सूचना

विश्वव्यपी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संक्रमण फैलिने सम्भावना भएकाले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ चैत्र ९ गतेको निर्णयानुसार संक्रामक रोग ऐन, २०२० को दफा २ एवम् स्थानीय प्रशासन ऐनको दफा ६ को उपदफा (३) बमोजिम सो रोगको रोकथाम र निर्मूल गर्न मिति २०७६ चैत्र १० गतेको आदेशलाई २०७७ बैशाख ३ गते मध्यरातसम्मका लागि निरन्तरता दिइएको सम्बन्धमा सवैमा सर्वविदितै छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/१/२ को बैठकले उक्त आदेशलाई मिति २०७७ बैशाख १५ गतेसम्म निरन्तरता दिने निर्णय गरेको हुँदा उक्त आदेशलाई मिति २०७७ बैशाख १५ गते सोमबार मध्यरातसम्मका लागि निरन्तरता दिँदै देहाय बमोजिमको आदेश जारी गरिएको व्यहोरा सम्बन्धित सवैमा सूचित गरिन्छ। आदेशको पालना गर्न गराउन सहयोग गर्नुहुने सम्बन्धित सवै प्रति जिल्ला प्रशासन कार्यालय, दैलेख हार्दिक आभार व्यक्त गर्दछ।

**देहाय:**

१. औषधी उपचार, खाद्य बस्तु खरिद जस्ता अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने,

२. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सवै प्रकारका सार्वजनिक वा निजी सवारी साधन संचालन नगर्ने,

३. स्वास्थ्य सेवा, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दुध, विद्युत, दुरसञ्चार, सूचना तथा सञ्चार, क्वारेनटाइन, फोहोरमैला व्यवस्थापन जस्ता अति आवश्यक सेवा वाहेकका अन्य कार्यालयले कार्यालय संचालनको लागि आवश्यक पर्ने कर्मचारीहरु मात्र उपस्थित हुने व्यवस्था मिलाई अन्य कर्मचारीहरुलाई आवश्यक परेको वखत तत्काल उपस्थित हुने गरी सम्बन्धित कार्यालय प्रमुखले विदा दिने,

४. व्यवसायीहरुले औषधी र औषधीजन्य सामग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने। कृतिम अभाव सिर्जना गरी मूल्य वृद्धि गर्ने वा कालाबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिने, सामग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने,

५. खाद्यन्न, औषधी, तरकारी, डेरी, पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यक दैनिक उपभोग्य सामग्रीको उत्पादन तथा विक्रि वितरण गर्ने उद्योग तथा व्यवसाय वाहेक अन्य उद्योग व्यवसायमा कार्यरत श्रमिक तथा कर्मचारीलाई विदा दिने,

६. घरभाडामा बस्ने कुनै पनि व्यक्ति वा परिवारलाई सो अवधिभर भाडामा बसेको घरबाट निकाल्न नपाइने।

७. यो सूचनाको अपहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० लगायतका प्रचलित कानून बमोजिम सजाय हुने।

(युव राज कटेल)
प्रमुख जिल्ला अधिकारी